प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**कर्णाली प्रदेश कार्यालय**
वीरेन्द्रनगर, सुर्खेत

## डिप्लोमा/प्रमाणपत्र तथा प्रि-डिप्लोमा तहमा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ आवेदन फाराम भरेका प्रशिक्षार्थीहरूको नतिजा प्रकाशन गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मितिः २०७८/०६/०९ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७८।०४।३० गते र मिति २०७८।०५।०२ गते शैक्षिक सत्र २०७८/०७९ का लागि गोरखापत्र राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा प्रकाशित सूचना बमोजिम डिप्लोमा/प्रमाणपत्र तथा प्रि-डिप्लोमा तहमा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति छनौटका लागि तोकिएको मिति र समय भित्र Online फाराम भरेका योग्य आवेदकहरू मध्येबाट डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ (चौथो संशोधन २०७८) तथा प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७७ (पहिलो संशोधन २०७८) तथा उल्लेखित सूचना बमोजिम योग्यताक्रम अनुसारको नतिजा प्रकाशित गरिएको व्यहोरा सूचित गरिन्छ। वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा छनौट भएका मूख्य प्रशिक्षार्थीहरूले सिफारिस गरिएको शिक्षण संस्थामा २०७८|०६|२४ गते आइतबार सम्म कार्यालय समयभित्र अनिवार्य रूपमा आफ्नो शैक्षिक योग्यता, नागरिकता, आफू जुन समूहमा छनौट भएको हो सो को प्रमाणपत्रहरू र प्रवेश पत्रको सक्कल कागजातहरू सहित सिफारिस गरिएको शिक्षण संस्थाहरूमा भर्ना भइसक्नुपर्नेछ। सम्बन्धित शिक्षण संस्थाहरूले समेत यसै सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका बमोजिम प्रशिक्षार्थीहरू भर्ना गर्न गराउनुहुन र तोकिएको मिति र समयभित्र भर्ना हुन नआई रिक्त रहेको कोटा, प्रशिक्षार्थीको नाम थर, भर्ना अनुमति नं., वर्गीकृत छात्रवृत्तिको समूह समेत उल्लेख गरी ३ (तीन) दिन भित्र यस प्रदेश कार्यालयको ईमेल ठेगाना ctevt.karnali@gmail.com मा र सो को बोधार्थ परिषद् परीक्षा नियन्त्रण कार्यालयको ईमेल ठेगाना oce.ctevt@gmail.com मा पठाउनुहुन अनुरोध छ। प्रकाशित नतिजा यस कार्यालयको वेबसाईट www.ctevtkarnali.org.np तथा परिषद्को वेबसाईट www.ctevt.org.np मा हेर्न सकिनेछ।

निर्देशक